# त्रिवर्षीय क्षमता विकास योजना

(२०७९/८०-२०८१/८२)

अन्तिम प्रतिवेदन

२०७८

## खजुरा गाउँपालिका

लुम्बिनी प्रदेश, बाँके

# त्रिवर्षीय क्षमता विकास योजना

## (२०७९/८०-२०८१/२०८२)

### स्थानीय सरकारको क्षमता विकासका मूल क्षेत्रहरु




# खजुरा गाउँपालिका

## लुम्बिनी प्रदेश, बाँके

# क्षमता विकास योजना तयारी प्रकृयाको एक झलक




**क्षमता विकास योजना तयारी मार्गचित्र**

# प्रतिवेदनको संरचना

यो क्षमता विकास योजना ६ परिच्छेदमा विभाजित छ । परिच्छेद एकमा परिचय जस अन्तर्गत पृष्ठभूमि, क्षमता विकास योजनाको औचित्य, उद्देश्य, क्षमता विकास योजना तयारीको नीतिगत तथा कानुनी आधारहरु, संघ, प्रदेश र गाउँपालिकाको क्षमता विकासको अन्तर सम्बन्ध, योजना तर्जुमाको विधि तथा प्रकृया र योजना तर्जुमाका सीमाहरु उल्लेख छ ।

त्यसैगरी परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय र परिच्छेद ३ मा क्षमता विकासको समग्र लेखाजोखा गरिएको छ जस अन्तर्गत संस्थागत क्षमता विकासका तिन आयाम, संस्थागत, मानव संसाधन, बजार सेवाहरुको क्षमता लेखाजोखा गरिएको छ ।

परिच्छेद चारमा समग्र योजना खाका उल्लेख छ । यस परिच्छेदमा संस्थागत क्षमता विकासको परिचय र स्थानीय सरकारको क्षमता विकास योजना उल्लेख छ । त्यसैगरी मानव संसाधन विकास एक परिचय र स्थानीय सरकारको मानव संसाधन विकास योजना र क्षमता विकास सँग सम्बन्धित स्रोत व्यक्ति सरोकारवालाहरुको पहिचान उल्लेख छ ।

परिच्छेद पाँच योजना कार्यान्वयनको रणनीति सँग सम्बन्धित छ भने परिच्छेद ६ मा योजनाको व्यवस्थापन, अनुगमन तथा मूल्यांकनको विधि र जिम्मेवारी उल्लेख छ ।

# क्षमता विकास प्रकृयागत संरचना



# क्षमता विकास योजना एक झलक

| | |
|---|---|
| **प्रदेश** | लुम्बिनी |
| **अञ्चल** | भेरी |
| **जिल्ला** | बाँके |
| **नगर/नगरपालिका** | खजुरा गाउँपालिका |
| **योजना तयारीको नेतृत्व** | प्रदेश प्रक्षिण प्रतिष्ठान, लुम्बिनी |
| **आर्थिक सहयोग** | स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) |
| **सहजिकरण** | गोरखकाली मनकामना अध्ययन तथा अनुसन्धान केन्द्र |
| **कार्यक्रम अवधि** | ३ वर्ष (आ.व.२०७९/८०–२०८१/८२) |
| **कार्यान्वयन गर्ने मुख्य निकाय** | खजुरा गाउँपालिका |
| **मुख्य सरोकारवालाहरु** | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संस्थाहरु |

| विषयगत क्षेत्र र सहक्षेत्र | जम्मा | आन्तरिक रु | बाह्य रु |
|---|---|---|---|
| **विषयगत क्षेत्र १: संस्थागत क्षमता विकास** | | | |
| १.१ भौतिक स्रोत साधन व्यवस्थापन | १,७०,००० | १,७०,००० | ० |
| १.२ नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | २९,००,००० | १४,००,००० | १५,००,००० |
| १.३ मानव संसाधन प्राप्तिसँग सम्बन्धित | २६,५०,००० | ६,५०,००० | २०,००,००० |
| १.४ तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | ५२,२५,००० | ९,७५,००० | ४२,५०,००० |
| **जम्मा रु** | **१,०९,४५,०००** | **३१,९५,०००** | **७७,५०,०००** |
| **विषयगत क्षेत्र २: मानव संसाधन विकास** | | | |
| २.१ निर्वाचित पदाधिकारीहरूका लागि | ६८९७००० | १७,२४,२५० | ५१,७२,७५० |
| २.२ समिति, उपसमितिहरूका लागि | २५,२०,००० | ६,३०,००० | १८,९०,००० |
| २.३ कर्मचारीहरूका लागि | ३३,३०,००० | ८,३२,५००० | २४,९७,५०० |
| २.४ सेवाग्राही लक्षित क्षमता विकास | ५१,९०,००० | १२,९७,५०० | ३८,९२,५०० |
| २.५ साझेदारहरुको क्षमता विकास | ९६०००० | २,४०,००० | ७,२०,००० |
| **जम्मा** | **१,८८,९७,०००** | **४७,२४,२५०** | **१,४१,७२,७५०** |
| **कूल जम्मा (१ र २) रु** | **२,९८,४२,०००** | **७९,१९,२५०** | **२,१९,२२,७५०** |
| **समग्र प्रतिशत** | **१००** | **२७** | **७३** |


लगानीको बाँडफाँट
संस्थागत क्षमता विकास रु
मानव संसाधन विकास रु
कूल जम्मा रु
29842000
18897000
10945000
7919250
4724250
3195000
21922750
14172750
7750000
जम्मा रु
आन्तरिक रु
बाह्य रु

# विषय सूची


परिच्छेद १: परिचय ........ १
१.१ पृष्ठभूमी ........ १
१.२ क्षमता विकास योजनाको औचित्य ........ २
१.३ क्षमता विकास योजनाको उद्देश्य ........ ४
१.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनि आधारहरु ........ ४
१.५ क्षमता विकास योजना तर्जुमा प्रकृया ........ ५
परिच्छेद २: खजुरा गाउँपालिकाको संक्षिप्त परिचय ........ १०
परिच्छेद ३: क्षमता विकासको समग्र लेखाजोखा ........ १५
३.१ संस्थागत क्षमता विकास तीन आयाम ........ १५
३.२ खजुरा गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा ........ १५
३.३ मानव संसाधनको क्षमता विकास लेखाजोखा ........ १६
३.४ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा ........ १७
परिच्छेद ४: समग्र योजना खाका ........ १८
४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय ........ १८
४.१.२ संस्थागत क्षमता विकास एक परिचय ........ १८
४.१.२ मानव संसाधन विकास एक परिचय ........ १८
४.२ वर्तमान अवस्थाः ........ १९
४.३ संभावना र अवसर ........ १९
४.४ समस्या तथा चुनौती ........ १९
४.५ सोचः ........ १९
४.६ क्षमता विकासको लक्ष्य ........ १९
४.७ क्षमता विकासको उद्देश्य ........ २०
४.८ संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीति ........ २०
४.९ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु ........ २१
४.१० मानव संसाधन विकासका प्रमुख योजनाहरु ........ २४
४.११ प्रमुख उपलब्धिहरु ........ ३०
४.१२ बजेट बाँडफाँट ........ ३१
४.१३ स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू ........ ३२
परिच्छेद ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना ........ ३३
५.१ पृष्ठभूमि ........ ३३
५.२ उद्देश्य ........ ३३
५.३ कार्य क्षेत्र ........ ३३
५.४ योजना कार्यान्वयनको रणनीतिः ........ ३५
५.५ कार्यान्वयनका सिद्धान्तहरु ........ ३६
५.६ कार्यान्वयन तालिका प्रथम वर्ष ........ ३६
परिच्छेद ६: कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्यांकन ........ ३९
६.१ कार्यक्रम व्यवस्थापन ........ ३९
६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन ........ ३९
सन्दर्भ सामाग्रीहरु ........ ४१
अनुसूचिहरु ........ ४२

# तालिकाहरुको सूची

तालिका १ सेवा बजारको विवरण ........ १७
तालिका २ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित)........ २१
तालिका ३ स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)........२४
तालिका ४ स्थानीय तहको क्षमता विकासको खर्च सारांस........३१
तालिका ५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू (अनुसूचि ६ सँग सम्बन्धित) ........ ३२
तालिका ६ पहिलो वर्षको कार्य योजना........ ३७

# अनुसूचीहरुको सूची

अनुसुचि १ स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण ........ ४२
अनुसुचि २ स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा ........ ४८
अनुसुचि ३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका फारम (अनुसूचि ५ मा आधारित)........ ४९
अनुसुचि ४ स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम (शाखागत रूपमा अनुसूचि ८)........५७
अनुसुचि ५ स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम (शाखागत रूपमा अनुसूचि ८) ........६०
अनुसुचि ६ योजना प्रस्तुतिकरणमा सहभागिको विवरण ........ ६३

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

संस्थागत क्षमता विकास एक प्रकृया हो जसका माध्यमबाट स्थानीय सरकाको संस्थागत विकास र कार्यरत कर्मचारी, प्रतिनिधि र साझेदार लगायत लक्षित समूह सम्मका सेवालाई प्रभावकारी बनाउँने उपायहरुको खोजि गरी योजना बनाएर सोको कार्यान्वयनका माध्यमबाट संस्थागत सेवा प्रवाहलाई चुस्त, छिटो, सरल, कम झन्झटिलो तथा पारदर्शी बनाउन सकिन्छ । सामान्यतया क्षमता विकास योजना बनाउँदा निम्न कार्यहरुलाई ध्यान दिईन्छ ।




नेपालको संविधान, २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ। यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ। मानविय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु

आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संसाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयताको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" अनुरुप यो खजुरा पालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गरिएको छ । किन भने नेपालका स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रसस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको हुँदा सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम हुनु जरुरी छ ।

देशको भूगोल र जनता स्थानीय सरकार नजिक भएका हुँदा स्थानीय तहहरु नागरिकको जीवनस्तर सुधारका लागि एकिकृत कार्य गर्ने जिम्मेवार निकाय भनिएका हुन् । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा भर पर्दछ । तर अधिकांश स्थानीय सरकारहरु बहुआमिक चुनौतिको सामन गर्नुपर्ने अवस्थामा छन् । ती मध्ये कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमी अधिक भएको पाईन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ । नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न सकिदैन । विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा काँहाबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न नसकेको हुन सक्छ ।

यसै परिप्रेक्षलाई ध्यानमा राखि स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार लगायतका प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्दै अन्य संस्थागत सुधार लगायतका कार्य गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन आदेश, २०७७, बमोजिम गठित प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेशले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को आर्थिक सहयोगमा बाँके जिल्लाको खजुरा गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गर्न २०७८ पौष ५ गते प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश र गोरखकाली मनकामना अध्ययन तथा अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुर बिच सम्झौता भएको हो ।

## १.२ क्षमता विकास योजनाको औचित्य

नेपालको संविधान, २०७२ अनुसार स्थानीय सरकारहरु नागरिकाको धरदैलोका सरकारी निकाय हुन् जसलाई संविधानले विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरु प्रदान गरेको छ । यिनिहरु संस्थागत रुपमा स्थापित

सरकार भएर मात्र पुग्दैन । देशको संघीयता बलियो र सुशासित बनाउँन यिनिहरुले प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्दै नागरिकको जीवनस्तर सुधारका लागि सुशासन सहित विकास र सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्ने गरी विकास सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्ने गरी विकास र समृद्धि अगाडी बढ्नुपर्ने हुन्छ ।

स्थानीय सरकारहरु संस्थागत रुपमा स्थापित त भए तर परिवर्तन पछिको बढ्दो जनअपेक्षा अनुसार कार्य गर्न संस्थागत क्षमता र मानव संसाधनको क्षमता बढि महत्वपूर्ण हुन्छ र यसको विकास गर्न धेरै बाँकी छ । तसर्थ यस खजुरा गाउँपालिकाको क्षमता विकास योजना तयार गर्नुको मूल कारण भनेको गाउँपालिकाबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न संस्थागत संरचनामा भएको कमी तथा विविध विषयको जिम्मेवारीमा बसेका कर्मचारी, निर्वाचित प्रतिनिधि तथा सरोकारवालाहरुको क्षमतामा रहेको कमीलाई पहिचान गरी सो कमी पुरा गर्न संस्थागत र मानव संसाधन विकासका लागि उपायहरुको खोजि र कार्यान्वयनको खाका तयार गर्नु अपरिहार्य भएको छ ।

त्यसैगरी विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउँदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकासका साथै आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको हुँदा पनि यो योजना बनाउँनु परेको हो । यसलाई निम्न अनुसार संक्षेपिकरण गरिएको छ ।

१. स्थानीय सरकारबाट सञ्चालन गरिने विकासका विविध आयामहरु दिगो र परिणाममुखी बनाउन ।
२. संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न ।
३. संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय पहिचान र कार्यान्वयन गर्न ।
४. जिम्मेवारीमा बसेका कर्मचारी, प्रतिनिधि तथा सरोकारवलाहरुमा रहेको कमी र सुधारका उपाय खोजी र कार्यान्वयन खाका तयार गर्न ।
५. विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै लैजान ।
६. नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास गर्न ।

## १.३ क्षमता विकास योजनाको उद्देश्य

खजुरा गाउँपालिकको विभिन्न जिम्मेवारीका पदमा रहेका कर्मचारी तथा नेतृत्व तहको जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ र नगरिकका न्युनतम आवश्यकता पहिचान गर्न नसकि विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल भै समृद्धिको यात्रानै अलमलमा पर्न जोखिमको अवस्था लाई संबोधन गर्न जरुरी छ ।

तसर्थ यो योजना तयार गर्नुको मूल उद्देश्य योजनाको कार्यान्यनबाट खजुरा गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउँन हो । साथै यस क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य भनेको विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई संस्थागत विकास गरी नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने बनाउँन संस्थागत क्षमता र मानव संसाधनमा रहेको क्षमताको कमीलाई पहिचान गरी क्षमता विकासका उपायहरुको खोज तथा विश्लेषण गरी ३ वर्षे (२०७९/२०८०-२०८१/२०८२) योजना खाका तयार गर्नु हो । यसका निहित उद्देश्यहरु यस प्रकार छन्:

- स्थानीय सरकारको सबल र कमजोर पक्षहरूको पहिचान लगायत सघींय मामिला तथा सामान्य प्रशासन मंत्रालय बाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६ को विधि र प्रकृया अपनाई संविधान तथा प्रचलित कानुनहरूबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि संस्थागत र मानव संसाधनकको क्षेत्रमा रहेको अभाव पहिचना र सोको परिपूर्ति गर्न क्षमता विकासका आश्यक उपायहरुको सहभागितामूलक ढंगबाट पहिचन गरी विस्तृत योजना खाका तयारी गर्नु ।
- यो योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको आँकलन र परिपूर्तिका विभिन्न स्रोत र उपायहरुको खोजि गर्ने ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्नु ।

## १.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनि आधारहरु

यो क्षमता विकास योजना तयार गर्दा **नेपालको संविधानमा** उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरुका एकल र साझा अधिकारहरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्यनजर गरिएको छ ।

क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानले अंगिकार गरेका भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धि समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षा सम्बन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्ययको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) लाई यथेष्ट ध्यान दिईएको छ । किन भने स्थानीय सरकारहरु प्रत्यक्ष वा परोक्ष रुपमा यी जनसरोकारका विषयहरु र यसका सेवा प्रवाहमा जोडिएका हुन्छन् ।

त्यसैगरी भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका समेतलाई ध्यानमा राखिएको छ ।

त्यसै गरी स्थानीय सरकार संचालन ऐनको दफा १०२ को २ मा उल्लेख भए बमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम बनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरिएको छ ।

## १.५ क्षमता विकास योजना तर्जुमा प्रकृया

क्षमता विकास योजना तयारी एकै पटक र सामान्य ढंगले हुँने कुरा होईन । यसको प्रयोजनका लागि निश्चित चार चरणका कार्यहरु गरी योजना तर्जुमा पुरा गरिएको छ । जो तल चित्रमा दिईएको छ ।




### चरण १: तयारी चरण:

२०७८ पौष ५ गते प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश र गोरखकाली मनकामना अध्ययन तथा अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुर बिच कार्य सम्झौता पश्चात तयारी चरणको सुरुवातमा प्रदेश प्रशिक्षण प्रतिष्ठानले सबै सेवा प्रदायकर्ला योजना तयारीको औचित्य तथा अपनाउँन सकिने विधि तथा प्रकृया बारे २०७८ पौष ६ गते एक दिने अनुशिक्षण तथा छलफल आयोजना गरे पछि योजना तर्जुमाको सुरुवात भएको हो ।

त्यस पछि दस्तावेज अध्ययन, र अन्य तयारिका साथ खजुरा गाउँपालिकासँग भर्च्युअल माध्यम बाट छलफल गरी कार्यतालिकामा सहमती भै प्रदेश प्रशिक्षण प्रतिष्ठन, लुम्बिनी प्रदेशमा प्रारंभिक प्रतिवेदन पठाईयो ।

## चरण २: प्राविधिक चरण

क्षमता विकास योजना तयारीका लागि प्रविधिक चरणमा निम्न कार्यहरु संम्पादन गरिएको थियो,

- **सह चरण १** — क्षमता विकास समन्वय समिति गठन २०७८ पौष २३ गते
- **सह चरण २** — क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे एक दिने अभिमुखीकरण २०७८ पौष २३ गते
- **सह चरण ३** — मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा २०७८ पौष २३ देखी २८ सम्म
- **सह चरण ४** — नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा २०७८ पौष २३ देखी २८ सम्म
- **सह चरण ५** — आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा २०७८ पौष २३ देखी २८ सम्म
- **सह चरण ६** — क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान २०७८ पौष २३ देखी २८ सम्म
- **सह चरण ७** — संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान
- **सह चरण ८** — शाखागत र विषयगत रुपमा मानव संशाधनको क्षमता लेखाजोखा
- **सह चरण ९** — मानव संशाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान:

क्षमता विकास योजना तयारीमा यो प्रमुख चरण हो । यो चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधीहरु र अन्य सरोकारवालाहरु सँग प्रत्यक्ष भेटघाट, छलफल, अनुशिक्षण लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय बाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ मा उल्लेखित फारमहरु प्रयोग गरी क्षमता लेखाजोखा तथा क्षमता विकासका आवश्यकता पहिचान गरिएको थियो । यो चरण पुरा गर्न विभिन्न सहचरणहरुको उपयोग गरिएको थियो ।

## १. क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे अभिमुखीकरण

मिति २०७८ पौष २३ र २६ गतेका दिन निर्वाचित प्रतिनिधि, पालिका कर्मचारी र जना साझेदार संस्थाका प्रतिनिधि गरी जम्मा २६ जनाको उपस्थितिमा एक दिने अनुशिक्षण गरियो । सो अनुशिक्षण पश्चात विभिन्न चरणको छलपलबाट निम्न अनुसारको क्षमता विकास समन्वय समिति गठन र क्षमता विकासको लेखाजोखा गरियो ।

## २. क्षमता विकास समन्वय समिति गठन

क्षमता विकास योजना तयारी दिग्दर्शन, २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका लागि क्षमता विकास योजना तर्जुमा अनुशिक्षणका सहभागिहरुको निर्णय बाट एक ११ सदस्य क्षमता विकास समन्वय समिति गठन गरिएको थियो । सो समितिको नामावली निम्न अनुसार छ ।

संयोजकः श्री फत्ते कुमारी जैसी -संयोजक, सामाजिक विकास समिति
सदस्य  श्री खगेन्द्र बहादुर मल्ल -शिक्षा शाखा प्रमुख
सदस्य  श्री सुदिप पौडेल - स्वास्थ्य शाखा प्रमुख
सदस्य  श्री श्री चिरन्जिवी पाण्डे - वडा सचिव
सदस्यः श्री सोनु शाह - प्राविधिक शाखा प्रमुख
सदस्यः श्री प्रदिप सुनार - लेखा शाखा प्रमुख
सदस्यः श्री पुनम पोखरेल - कृषि शाखा प्रमुख
सदस्यः श्री श्री सुशिला न्यौपाने -महिला तथा वालवालिका शाखा प्रमुख
सदस्यः श्री सुरेश साहु -फिल्ड टेक्निसियन
सदस्यः श्री दिल बहादुर पौडेल - योजना शाखा प्रमुख
सदस्य -सचिवः श्री केशव बहादुर बुढा - प्रशासन शाखा प्रमुख

## ३. मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित महाशाखा/शाखा/एकाईका प्रमुखहरू सानो-सानो समूहमा छलफल गराई स्व–मूल्यांकन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरी संकलित विवरणहरूको विश्लेषणबाट गाउँपालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ४. नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखाः

खजुरा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूको लागि पनि सानोसानो समूहमा संवाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व–मूल्यांकन विधिबाट विवरण संकलन गर्ने कार्य गरि नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

**५. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाः**

सीमित संख्यामा पालिकाका पदाधिकारीहरु सँगै बसेर कार्य सम्पादन अवस्थाको अवलोकन गर्दै सम्पादन गरेका कार्यहरूको समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व–मूल्यांकन दस्तावेजहरूको नतिजाको अध्ययन गरि अनुसूचि ५ को उपयोगबाट आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

**६. क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान**

योजना तर्जुमाकै समयमा सहभागितामूलक विधि  र हाम्रो अनुभवका आधारमा अनुसूचि ६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यका लागि आवश्यक पर्ने स्रोत व्यक्ति र सरोकारवालहरुको पहिचान गरिएको थियो ।

**७. संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

संस्थागत क्षमता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा कर्मचारी बढि अनुभवि हुने हुँदा अधिकांश बजेट आँकलन उनिहरुको अनुभवबाट र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको संवादका माध्यमबाट तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**८. शाखागत र विषयगत रुपमा मानव संसाधनको क्षमता लेखाजोखा**

पदाधिकारी र कर्मचारी सँगको छलफलका आधारमा दिग्दर्शनको अनुसूचि ८ अनुसार स्थानीय सरकारको शाखागत रूपमा रुपमा विद्यमान मानव संसाधनको क्षमता लेखाजोख गरि ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) शाखाकै कर्मचारीहरुबाट प्रस्ताव गरियो ।

**९. मानव संसाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचानः**

मानव संसाधन विकासका लागि पनि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा मानव संसाधन विकासका लागि पनि कर्मचारी र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको संवादका माध्यमबाट आवश्यक लागत तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**चरण ३: संस्थागत क्षमता विकास र मानव संसाधन विकास योजना लेखन चरणः**

उपरोक्त विभिन्न स्तरको अध्ययन, स्वमूल्याँकन तथा विश्लेषणपछि क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ को अनुसूचि ७ र १० मा उल्लेख भएको फारमको ढाँचामा **स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना** र **स्थानीय सरकारको मानव संसाधन विकास योजना** तयार गरियो र सो को आधारमा समग्ररुपमा स्थानीय सरकारको ३ वर्षे क्षमता विकास योजना तयार गरियो ।

**चरण ४: प्रस्तुति र प्रतिवेदन चरण**

**४.१ प्रारंभिक प्रगतिबारे प्रस्तुतीः** खजुरा गाउँपालिकामा अध्ययन तथा क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछि को संश्लेषण गरी पालिका तहमा र प्रदेश प्रशिक्षण प्रतिष्ठानमा प्रारंभिक उपलब्धी र प्रगति बारे भर्चुअल माध्यमबाट प्रस्तुति गरीयो ।

**४.२ क्षमता विकास योजनको मश्यौदा प्रतिवेदन तयारी र प्रस्तुतीः** क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछिको समग्र विश्लेषण गरी मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक अध्ययन र सुझावका लागि पालिका र प्रदेश प्रशिक्षण प्रतिष्ठानमा पठाईएको थियो । सो प्रतिवेदन उपर पालिकामा मिति २०७८/१२/१३ गते क्षमता विकास योजनाको अन्तिम मस्यौदा उपर छलफल तथा सुझाव दिने कार्य भएको थियो ।

**४.४ अन्तिम प्रतिवेदन पेशः**

अन्तिम कार्यशाला गोष्ठीबाट प्राप्त सुझावहरुलाई समायोजन गरी यो अन्तिम प्रतिवेदन तयार गरी खजुरा गाउँपालिका र प्रदेश प्रशिक्षण प्रतिष्ठानमा पेश गरिएको छ ।

# परिच्छेद २: खजुरा गाउँपालिकाको संक्षिप्त परिचय

पालिकाको वर्तमान क्षमता विश्लेषण र विकासका आवश्यकता पहिचान गरी क्षमता विकास योजना तर्जुमा गर्न वर्तमान अवस्थामा खजुरा गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति र वर्तमानको भौतिक स्रोत साधन र मानव संसाधनको संस्थागत संरचनाको बढि महत्व रहन्छ । तसर्थ यस परिच्छेदमा खास गरी पालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।




## अवस्थिति

खजुरा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार प्रदेश नं. ५ को बाँके जिल्लामा पर्दछ । खजुरा गाउँपालिका भौगोलिक हिसाबले ८१०°३०'५५" देखि ८४०°१५'५१" पूर्व देशान्तरसम्म र २७०° ३९'२" देखि २७०°४६'३६" उत्तरी अक्षांशसम्म फैलिएर मुख्य तराइको समथर फाँटमा अवस्थित छ । उचाइमा विवधता नभएकोले भौगोलिक रुपमा अनुकूल यो गाउँपालिकामा समुद्र सतहबाट १३० मि. देखि १६४ मि. को उचाईसम्मको मात्र विविधता रहेको छ । १०१.९१ वर्ग कि.मी. क्षेत्रफल रहेको यस खजुरा गाउँपालिकाको पूर्वमा कोहलपुर नगरपालिका र जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ गाउँपालिका र दक्षिणमा भारत पर्दछन् ।

नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका गा.वि.स. बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर, र रनियापुर समेटर ८ वटा वडाहरू कायम गरी यो गाउँपालिका निर्माण गरिएको हो ।

**भू-उपयोग**

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ८७.९६ प्रतिशत अर्थात सबैभन्दा धेरै खेतीयोग्य जमिनले ओगटेको छ भने दोश्रोमा २.७५ प्रतिशत हरित क्षेत्र र वन रहेको छ । यस गाउँपालिकामा आवास क्षेत्रले ओगटेको भू-भाग ८.४० प्रतिशत रहेको छ । बालुवा र बगर क्षेत्र ०.४५ प्रतिशत साथै जलक्षेत्रले ओगटेको भू-भाग भने निकै कम अर्थात २ प्रतिशत मात्र देखिन्छ । गाउँपालिकामा ० देखि १२ डिग्री सम्मको भिरालोपना देखिन्छ । त्यसमा पनि ९६.४९ प्रतिशत जमिन ० देखि ५ डिग्री भित्र रहेको छ भने करिब ३.५१ प्रतिशत जमिन मात्र ५ देखि लगभग १२ डिग्री सम्म देखिन्छ । तथ्याङ्कले गाउँपालिकाको अधिकांश जमिन खेतीपाती तथा आवासका लागि अति उपयोगी तथा पूर्वाधार निर्माणका लागि सहज हुने देखिन्छ ।

**जनसंख्या**

घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार खजुरा गाउँपालिकाको जनसंख्या ४८,६०४ रहेको छ जस मध्ये पुरुष ४६.४७ प्रतिशत (२२,५८५ जना) र महिला ५३.५३ प्रतिशत (२६,०१८ जना) रहेका छन्भने तेस्रो लिंगी १ जना रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८७ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ४७७ जना प्रति वर्ग किलोमिटर रहेको छ । पछिल्लो तथ्याङ्क बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.२८ प्रतिशत (६२३ जना) अपाङ्गता भएकाहरू रहेका छन् । कुल १०,६७१ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ४.५५ जना सदस्य रहेको अवस्था छ ।

खजुरा गाउँपलिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ८,२७१ (पुरुष ३,५५० जना, महिला ४,७२१ जना रहेका छन् । यस वडाको औषत परिवार आकार ४.१६ र घरधुरी संख्या १,९८८ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. १ रहेको छ जसको जनसंख्या ३,५८० (पुरुष १,६४४ जना र महिला १,९३६ जना) रहेका छन्भने घरधुरी संख्या ७६० र औसत परिवार संख्या ४.७१ रहेको छ । सबै भन्दा बढी जनघनत्व भएको वडा नं ५ रहेको छ जसको जनघनत्व ६१९ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडा नं ८ रहेको छ जसको जनघनत्व ४०० व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ ।

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १२,०९० अर्थात् २४.८७ प्रतिशत मुसलमान, दोस्रोमा ८,७३८ अर्थात् १७.९८ प्रतिशत क्षेत्री, तेस्रोमा मगर ५,८५० अर्थात् १२.०४ प्रतिशत, चौथो र पाँचौमा क्रमश कामी ५,३६२ अर्थात् ११.०३ प्रतिशत र ब्राह्मण पहाडी २,५७७ अर्थात् ५.३० प्रतिशत रहेका छन् । त्यसैगरी यादव, ठकुरी, थारु, गुरुङ, सोनार र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ । मुसलमान, यादव जस्ता जाती र जनजातिहरूको थातथलोको रुपमा समेत रहेको यो गाउँपालिकामा मगर, थारु, गुरुङ, चमार/हरिजन/राम जस्ता जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्न आवश्यक छ ।

**आवास**

यस गाउँपालिकामा रहेका कूल १०,६७१ घरपरिवारहरूमध्ये अधिकांश ९७.६७ प्रतिशत अर्थात १०,४२२ परिवारको आफ्नै स्वामित्वमा रहेको घर, १.१७ प्रतिशत अर्थात १२५ घरपरिवार भाडामा बस्ने गरेको, ०.१८ प्रतिशत अर्थात १९ घरहरू संस्थागत हिसाबले प्रयोग गरेको र अन्यमा ०.९८ प्रतिशत अर्थात १०५

घरपरिवारहरू रहेको पाइयो । व्यवसायीक, भाडाको प्रयोजन र संस्थागत हिसाबले प्रयोग भएका घरहरूको संख्या नगन्य हुनुले गाउँपालिका पूर्ण रुपमा शहरी परिवेशको अवस्थामा पुगिनसकेको स्पष्ट हुन्छ ।

## पेशागत विवरण

आम्दानीका मुख्य श्रोतहरूमा गाउँपालिकामा रहेका कूल १०,६७१ घरपरिवारहरूमध्ये ६,११४ घरपरिवारहरूको आम्दानीको श्रोत कृषि/पशुपालन/माछापालन/मौरीपालन रहेको छ भने दोस्रोमा वैदेशिक विप्रेशणबाट आम्दानी गर्ने ३,३०८, दैनिक ज्यालादारीबाट २,२४३, नोकरीबाट १,९४४ घरपरिवारहरू रहेका छन् । त्यसैगरी १,१७२ घरपरिवारको आम्दानीको श्रोत भने व्यापार व्यवसाय र ६३६ घरपरिवारको पेन्सन रहेको छ । अन्य आम्दानीका श्रोतहरू भने न्यून घरपरिवारहरूमा रहेको पाइन्छ । यो तथ्याङ्कले समेत ठूलो नाफा हुने र उत्पादनमूखी व्यवसायमा मानिसको संलग्नता अत्यन्त न्यून र परम्परागत कृषि र सामान्य व्यापार व्यवसायमा अधिक संलग्नता रहेको देखिन्छ ।

यस गाउँपालिकामा रहेका कूल १०,६७१ घरपरिवारहरूमध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिना धान्नेको संख्या ८,८४१ देखिन्छ । त्यसैगरी १० देखि ११ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या १६०, ७ देखि ९ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ४३३, ४ देखि ६ महिनासम्म धान्न पुग्नेको संख्या ५९९ र ३ महिनासम्म मात्र धान्न पुग्नेको संख्या ६३७ घरपरिवार रहेको छ । धैरै जसो जनसंख्याले वार्षिकरुपमा गर्ने अत्यन्त न्यून आम्दानीले बाह्रै महिना दुःख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ । अर्कोतर्फ वार्षिक आम्दानीले वर्षभरी धान्न नसक्ने घरपरिवारहरू समेत रहेको तथ्याङ्कले यो अवस्थामा रहेको जनसंख्या चरम गरीबीको अवस्थामा रहेको पुष्टि हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भइसकेको र स्थानीय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भइसकेको र दिगो विकास लक्ष्यको लक्ष्य १ मै सबै प्रकारका गरिवीको अन्त्य गर्ने उल्लेख भएको अवस्थामा यस्ता गरीबीमा रहेको जनसंख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्मअनुसार सवलीकरण र संरक्षण गर्नु आवश्यक देखिन्छ ।

## आय विवरण

यस गाउँपालिकाको वस्तुगत विवरण हेर्दा सबैभन्दा धेरै अर्थात ३,४५९ घरपरिवारले आफ्नो आम्दानी वैदेशिक विप्रेषणबाट भएकोछ भने दोस्रोमा २,४५९ घरपरिवारले दैनिक ज्यालादारीबाट र तेस्रोमा २,००२ घरपरिवारले नोकरीबाट आम्दानी गर्ने गरेको बताएका छन् । त्यस पश्चात् चौथो, र पाँचौमा क्रमशः व्यापार व्यवसायबाट र आन्तरिक विप्रेषणबाट भएको आम्दानीहरू पर्दछन् । ज्यालादारी कामबाट आम्दानी गर्ने परिवारको संख्या समेत उच्च हुनुले निम्न आयस्तर भएका परिवारहरूको संख्या धेरै रहेको संकेत मिल्दछ । वार्षिक औषत आम्दानी मध्ये सबै भन्दा उच्च अर्थात सवारी, मेसिन तथा उपकरणको भाडाबाट प्राप्त आम्दानी रु २,८२,६२४/- लाई मासिक आम्दानीमा परिणत गर्दा रु २३,५५२/- हुन आउँछ । यस बाहेक अन्य सबै क्षेत्रबाट प्राप्त औषत आम्दानी तुलनात्मकरुपमा कम रहेको देखिन्छ ।

## यातायात पूर्वाधार

गाउँपालिकामा रहेका १०,६७१ घरपरिवारहरूमध्ये पक्की/कालोपत्र सडकको पहुँच भएको घरपरिवारहरूको संख्या १,२८७ अर्थात १२.०६ प्रतिशत, ग्राभेल सडकको पहुँच भएको घरपरिवार संख्या ६,५७७ अर्थात ६१.६३ प्रतिशत, कच्ची सडकको पहुँच भएको २,१९२ अर्थात २०.५४ प्रतिशत, गोरेटोबाटो भएको ५२२ अर्थात् ४.८९ प्रतिशत र अन्य ९१ र उल्लेख नभएको २ घरपरिवार रहेका छन् । तथ्याङ्कलाई हेर्दा ७३.७० प्रतिशत घरपरिवारमा सहज प्रकारको सडक पहुँच भएको देखिन्छ ।

## विद्युत सेवा

यो पालिकाका सबै वडा तथा बस्तिहरुमा विद्युत सेवा पुगेको छ । तर पनि ईन्धनको उपयोग हेर्दा गाउँपालिकाको कूल घरपरिवारहरूमध्ये ४,९५३ अर्थात ४६.४२ प्रतिशतले काठ दाउरा, ४,२७८ अर्थात ४०.०९ प्रतिशतले एलपी ग्याँसको प्रयोग गर्दछन्भने विजुली, गोवरग्याँस र अरु प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो । स्थानीयहरूले अधिकांश काठदाउरा र दोश्रोमा एल.पी ग्याँसको प्रयोग गरिएको पाइयो । ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी गाउँपालिकावासीलाई काठ दाउराको विकल्पतर्फ लैजानुपर्ने देखिन्छ ।

गाउँपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा गाउँपालिकाका कूल घरपरिवारहरूमध्ये १०,१९३ अर्थात ९५.५२ प्रतिशतले विद्युत, ३४ अर्थात ०.३२ प्रतिशतले सोलार, ३१० अर्थात २.९१ प्रतिशतले मटितेल र बाँकीले अन्य इन्धनको स्रोत प्रयोग गर्ने गरेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई गाउँपालिकामा विद्युतको पहुँच लगभग सतप्रतिशत भएको देखिन्छ भने विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू नगन्य रहेको देखिन्छ । अतः सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ ।

## खानेपानी तथा सरसफाई

यस गाउँपालिकामा रहेका १०,६७१ घरपरिवारहरू मध्ये ट्युव्यवेल/हातेपम्प मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ७,५०८ अर्थात ७०.३६ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले ट्युव्यवेल/हातेपम्पको पानी पिउने गर्दछन् भन्न सकिन्छ । यद्यपि दोस्रोमा धारा/पाइपको पानी पिउने परिवारको संख्या ३,१४० अर्थात २९.४३ प्रतिशत रहेका, तेस्रोमा अन्य श्रोतबाट पानी पिउने परिवारको संख्या १४ अर्थात् ०.१३ प्रतिशत रहेको छ र जारको पानी पिउने परिवारको संख्या ६ रहेकोछ । अन्य श्रोत प्रयोग गर्नेको संख्या १४ रहेको छ ।

गाउँपालिकाका १०,६७१ घरधुरी मध्ये निजी धाराबाट पिउने पानीको उपभोग गर्ने परिवारको संख्या ९,२५१ अर्थात ८६.६९ प्रतिशत रहेको छ । दोश्रोमा अरु (छिमेकी) को घरको धारा प्रयोग गर्नेको संख्या २७९ अर्थात २.६१ प्रतिशत छ भने सार्वजनिक धारा प्रयोग गरी पानी पिउने परिवारको संख्या ९९ अर्थात ०.९३ प्रतिशत देखिन्छ । सामुदायिक धारा प्रयोग गर्ने ४६ परिवार अर्थात ०.४३ प्रतिशत तथा अन्य माध्यमबाट पानी पिउने ४१ पविार अर्थात ०.३८ प्रतिशत देखिन्छ भने ९५५ अर्थात ८.९५ प्रतिशतको भने उल्लेख नभएको पाइयो ।

शौचालय सम्बन्धि विवरण हेर्दा गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ४,९८४ अर्थात ४६.७१ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, ४,१९२ अर्थात ३९.२८ प्रतिशतले साधारण चर्पी, ७५६ अर्थात ७.०८ प्रतिशतले फ्लस भएको सार्वजनिक ढलयुक्त चर्पी, २०९ अर्थात १.९६ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र ५२९ अर्थात ४.९६ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो । ४.९६ प्रतिशत घर परिवारहरूले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढीरहेको देखाउँछ ।

## फोहर व्यवस्थापन

गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ४,४७९ अर्थात् ४१.९७ प्रतिशत फोहर कम्पोष्ट मल बनाउने, २,९०३ अर्थात् २७.२० प्रतिशतले फोहरलाई आफ्नै कम्पाउण्ड भित्र बाल्ने गरेको, १,८५३ अर्थात १७.३६ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र गाड्ने वा थुपार्ने, ५६९ अर्थात ५.३३ प्रतिशतले फोहर थुपार्ने ठाउँमा वा क्यानमा राख्ने गरेको पाइयो । त्यसैगरी सडक/सार्वजनिक स्थलमा फ्याल्ने, घरमानै लिन आउने, नदी वा खोल्सामा फाल्ने र अन्य रहेका छन् । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका

घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृतिअनुसार प्लाष्टिकजन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकाका १०,६७१ घरधुरी मध्ये ढलको व्यवस्था भएको परिवार संख्या ४,६१२ अर्थात ४३.२ प्रतिशत भने ढलको सुविधाबाट वञ्चित रहेका परिवारहरू ६,०५८ अर्थात ५६.८ प्रतिशत रहेका छन् । वडा नं ७ का १,१३१ अर्थात ८८.८ प्रतिशत घर परिवारले सबै भन्दा बढी पाएका देखिन्छन्भने सबै भन्दा कम वडा नं ४ मा २४६ अर्थात १५.२ प्रतिशत घर परिवारले मात्र ढलको सुविधा प्राप्त गरेको देखिन्छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणमा नागरिकलाई बाँच्ने अवस्था सिर्जना गर्न विशेष कार्यक्रम ल्याइहाल्नु पर्ने देखिन्छ ।

**शिक्षा**

यस खजुरा गाउँपालिकामा सामुदायिक, नीजि र मदरसा गरी तनि प्रकारका विद्यालयहरुमा पठन पाठन हुँने गर्दछ । गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल ४३,८१७ जनसंख्या रहेका छन् । गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल जनसंख्यामध्ये ७०.६ प्रतिशत साक्षर रहेका छन् । गाउँपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या २८,५९३ रहेका छन्भने पढ्न मात्र सक्ने २,३३२ जना रहेका छन् । पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या १२,८९२ अर्थात २९.४ प्रतिशत रहेको छ । वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं १ मा रहेको छ जसको साक्षरता ८८.२ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ७ जसको साक्षरता ४८ प्रतिशत रहेको छ ।

# परिच्छेद ३: क्षमता विकासको समग्र लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार स्थानीय सरकारको क्षमता विकासलाई संस्थागत र मानव संसाधन क्षमता विकास गरी दुई आयाममा विभाजन गरि सोहि अनुकुलका प्रकृयाबाट क्षमता योजना निर्माण लाई अगाडी बढाईएको छ ।

## ३.१ संस्थागत क्षमता विकास तीन आयाम

सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकुलन हुँने गरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्ने गरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ । यसका अतिरिक्त पालिकाले जनसमक्ष घरघरै र निरन्तर पुऱ्याउँनु पर्ने सेवाहरु पनि हुन्छन् जस्तै कृषि सेवा, पशु सेवा, खानेपानी हरुको मर्मत सेवा, बालि तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु पालिका तथा वडामा रहेको सीमित जनशक्ति बाट मात्र संभव नहुँने हुँदा अन्य सरोकारवालाहरु तथा बस्तिस्तरकै युवा युवतिको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा पालिकाबाट प्रवाह हुँने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुँन सक्ने बनाउँनु पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ ।

**क्षमता विकासका तीन आयामः**




## ३.२ खजुरा गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि २, ३ र ५ अनुसार स्थानीय सरकार संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा, संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा, आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा तथा ***समुदायका सेवा समुदाय बाटै*** भन्ने मान्यता लाई पनि आत्मसात गरी आवस्यक सेवा बजारहरुको समेत लेखाजोखा गर्दा विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य, मानव

संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तिय अनुशासन जस्ता एकल साझा तथा संघीय कानुन बाट व्यवस्थित अधिकारहरुको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधन व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ती र तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान जस्ता हरेक क्षेत्रमा क्षमता विकासका लागि माग भएको छ।

**आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत**

१. **मागमा आधारित क्षमता लेखाजोखाः** दिग्दर्शनको अनुसूचि २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तैः विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरुका अतिरिक्त मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापडण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरु माथि शाखागत रुपमा छलफल हुँदा अधिकाँस शाखाहरुबाट माथी भनिएका क्षमता विकास क्षत्रमा अभिमुखिकरण तथा तालिमहरुको अपेक्षा गरिएको छ भने दिग्दर्शनकै अनुसूचि ३ अन्तर्गत नेतृत्व तहको क्षमता लेखाजोखा हुँदा पनि क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, थप कर्मचारी दरबन्दी जस्ता कुराहरु माग भएको अवस्था छ।

२. **आपूर्तिमा आधारित क्षमता लेखाजोखाः** त्यसै गरी अनुसूचि ५ को आपूर्तिमा आधारित क्षमताको लेखाजोखा अन्तर्गत गाउँपालिकाको अधिकारको उपयोगको अवस्था, ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था, शाखा तथा ईकाईगत कर्मचारी तथा पूर्वाधार अवस्थार नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिको उपयोगको विश्लेषण गर्दा केहि ऐन नियम तथा कार्यविधिहरु त्यार गर्न बाँकी भएको अवस्था, कर्मचारी दरबन्दि थपको व्यवस्था र नया अवधारण अन्तर्गत केहि योजना, गुरुयोजना तयारी तथा अद्यावधिक गर्नु पर्नेजस्था विषयहरुको योजना बनाउँनु पर्ने देखियो।***(लेखाजोखाको विस्तृत विवरण अनुसूचि १ देखि ३ सम्म र क्षमता विकास योजनाको विवरण तल तालिका १ मा दिईएको छ)***

## ३.३ मानव संसाधनको क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि ८, र ९ अनुसार स्थानीय सरकार विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (विषयक्षेत्रगत रूपमा) क्षमता विकास आवश्यकताको लेखाजोखा गर्दा आवश्यक ठानिएका ज्ञान, सीप र दक्षता वृद्धिका लागि सामान्यतया निम्न अनरसार अपेक्षा गरिएको अवस्था छ,

- दिग्दर्शनको अनुसूचि ८ अर्न्तगत सबै शाखाका कर्मचारीले स्वमूल्याँकन गरी आफ्नो तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमता मध्यम रहेको जाहेर गरेका छन् र थप क्षमता विकासमा कुनै अपेक्षा नराखेको अवस्था छ।
- त्यसैगरी दिग्दर्शनको अनुसूचि ९ अन्तर्गत विषयगत क्षेत्रका रुपमा स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडासमिति तथा कर्मचारी र पालिकाका विभिन्न कर्मचारीलाई विभिन्न विषय खास गरी पालिका तथा वडाहरुको नेतृत्व तह लाई ११ प्रकारका तालिम तथा प्रशिक्षणहरुको माग भएको छ भने पालिकाका विभिन्न तहका कर्मचारी लाई ११ प्रकारको तथा वडा सचिवहरुका लागि ९ प्रकारका तालिम तथा प्रशिक्षणहरुको माग भएको अवस्था छ। ***(लेखाजोखाको विस्तृत विवरण अनुसूचि ४ र ५मा) र क्षमता विकास योजनाको विवरण तल तालिका ३ मा दिईएको छ)***

## ३.४ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा

गाउँपालिकाले जनसमक्ष घरघरै र निरन्तर पुऱ्याउँनु पर्ने सेवाहरु पनि हुन्छन् जस्तै कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, बालि तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु गाउँपालिका तथा वडामा रहेको सीमित जनशक्ति बाट मात्र संभव नहुँने हुँदा बस्तिस्तरकै युवा युवतिको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा गाउँपालिकाबाट प्रवाह हुँने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुँन सक्ने र स्थानीय सीपले स्थानीय रुपमै बजार पाउँने हुँदा ***समुदायको सेवा समुदायबाटै*** बनाउँनु पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ । यसैलाई ध्यानमा राखी गाउँपालिकाका जिम्मेवार पदाधिकारीहरुको समन्वयमा विकास भैसकेको निम्न अनुसारको सेवा बजारको परिचालन योजना बनाईएको छः

**तालिका १ सेवा बजारको विवरण**

| सि.नं | विकास गरिने सेवा | आवश्यक संख्या | यसबाट पर्ने प्रभाव |
|---|---|---|---|
| १ | ग्रामिण कृषि प्राविधिक जनशक्ति तयारी | १६ | कृषकले स्थानीय स्तरमै न्युनतम कृषि सेवा पाउने र १६ जना युवा स्थानीय स्तरमै रोजगार हुँने । |
| २ | ग्रामिण पशु प्राविधिक जनशक्ति तयारी | १६ | पशुपालक कृषकले स्थानीय स्तरमै न्युनतम पशु सेवा पाउने र १६ जना युवा स्थानीय स्तरमै रोजगार हुँने । |
| ३ | खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ता तयारी र परिचालन | १६ | खानेपानी उपभोक्ताले स्थानीय स्तरमै न्युनतम प्लम्बिङ्ग सेवा पाउने र १६ जना युवा स्थानीय स्तरमै रोजगार हुँने । |
| समग्रमा समुदायलाई आवश्यक सेवा प्रवाह चुस्त हुँने छ र बजार सेवाको विकास हुँने छ । | | | |

# परिच्छेद ४: समग्र योजना खाका

## ४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय

माथि भनिएझै स्थानीय तहका क्षमता विकासका तीन आयाम १) संस्थागत संरचना र प्रणालीमा सुधार, २) मानव संसाधन व्यवस्थापन र विकास तथा ३) साझेदार र सेवा बजारहरुको विकासलाई लिईन्छ । स्थानीय विकासमा यी तीनै आयामको अन्तर सम्बन्ध रहन्छ । संस्थागत प्रणाली राम्रो र साधन स्रोत सम्पन्न भए पनि यदि उचित प्रणालीमा क्षमतावान मानव संसाधनको व्यवस्थापन भएन भने प्रणाली एक्लैले केहि गर्न सक्दैन । यदि आवश्यक सीप र दक्षता सहितको माव संसाधान प्रचूर मात्रामा छ तर प्रणालीमा अभाव छ भने पनि मानव संसाधनले गति लिन सक्दैन । त्यसैगरी यी दुवै चुस्त भएतापनि यदि सेवा बजारको विकास गरी सहकार्य वृद्धि भएन भने पनि विकासले गति लिन संभव छैन ।

### ४.१.२ संस्थागत क्षमता विकास एक परिचय

स्थानीय सरकारको संस्थागत क्षमता विकास भित्र उसको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि तथा उसको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्था हो । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने र दिगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा यसलाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपायको रुपमा उपयोग गर्नुपर्ने हुन्छ ।

त्यसैले संस्थागत क्षमता विकासले संगठनको उद्देश्य हासिल गर्नका लागि संगठन संरचना, नीति तथा कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा सोको विश्लेषणलाई बढि ध्यान दिइएको थियो जसको माध्यमले व्यक्ति, संगठन र समाजमा आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ ।

तसर्थ पुराना तथा अनुपयुक्त क्षमताहरूलाई हटाउने वा रूपान्तरण गर्न विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्न, विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्न र नयाँ क्षमता स्थापना गर्ने विषयमा विश्लेषण र योजना तयारीलाई भौतिक स्रोत साधन, ऐन, नियम, विधि र प्रणाली, मानव संसाधन व्यवस्था गरी चार भागमा छुट्याएर विश्लेषण गरिएको छ ।

### ४.१.२ मानव संसाधन विकास एक परिचय

भनिन्छ **"Any value add to an employee is value added to organization"** तसर्थ मानव संसाधनको क्षमता विकास भनेको गाउँपालिकाको खर्च नभई लगानी र कार्य क्षमता वृद्धि दुवै हो । त्यसैले भनिन्छ ज्ञान र सीपले संस्थालाई चलायमान बनाउँदछ । सामान्यतया मानव संसाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत सीप, ज्ञान र क्षमता किासको संरचना हो ।

यसले मानव संसाधन विकास केवल तालिम अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया आदि मात्र नभै यो संगठनमा आवद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति समेत भएको हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमानमा भएको जनशक्तिको विद्यमान क्षमताको मूल्यांकन तथा

विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाको तर्जुमा गरिएको छ । अध्ययन क्रममा पालिकका कर्मचारीसँग दुवै व्यक्तिगत र समूहगत रुपमा कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा उनीहरुमा रहेको विद्यमान ज्ञान, सीप र धारणाबीचको अन्तर पहिचान गरी यसरी प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संसाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाईएको हो ।

## ४.२ वर्तमान अवस्था:

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे भै नसकेको र शाखाहरुको पुनर संरचना गर्नु पर्ने अवस्था रहेको छ । पालिकाको वर्तमान संगठन संरचना अनुसार गाउँ सभा, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र न्ययिक समिति लगायतको व्यवस्था गरिएको छ र प्रमुख प्रशासकिय अधिकृतको प्रत्यक्ष मातहतमा रहने गरी प्रशासन, आर्थिक प्रशासन, योजना तथा कार्यक्रम, सामजिक तथा आर्थिक विकास, भौतिक पूर्वाधार र कानुन शाखाको समेत व्यवस्था गरेको अवस्था छ । तर यी शाखाहरु र यिनका माताहतमा रहेका ईकाईहरु भौतिक स्रोत साधन, मानव संसाधन र उपकरणले सुसज्जित हुँन नसकेको अवस्था छ । त्यसै गरी विभिन्न ओहदामा रहेका कतिपय कर्मचारीहरु र विभिन्न तहका अधिकांश जन निर्वाचित प्रतिनिधिहरुले पदिय जिम्मेवारी पुरा गर्न आवश्यक क्षमता विकासका लागि न्युनतम तालिम पनि नपाएको अवस्था रहेको छ ।

## ४.३ संभावना र अवसर

यो गाउँपालिका सुगम स्थानमा रहेको छ । आफ्नै भवनको सुविधा छिटैनै हुँने भएको हुँदा सबै बर्तमान शाखा तथा ईकाईहरु लाई भौतिक स्रोत साधन, आवश्यक संख्यामा मानव संसाधन व्यवस्थापन र सेवा बजारहरुको विकास गर्न सकिने संभावना प्रचूर मात्रामा रहेको अवस्था छ । त्यसै गरी पालिकाको सीमित आन्तरिक आय र संभावित सहयोगको दायराका आधारमा पनि मानव संसाधन विकासमा लगानी गर्न सकिने संभावना छ ।

## ४.४ समस्या तथा चुनौती

गाउँपालिका भित्र समायोजन भै आएका संघीय लोकसेवा आयोग उत्तिर्ण गरी आएको, प्रदेश लोकसेवा आयोग, साविकका स्थानीय तहहरुबाट र ज्यालादारी तथा करार गरी विभिन्न स्रोत बाट उपलब्ध जनशक्ति छ । संघबाट आएको जनशक्ति छिटो सरुवा भै जाने आउँने क्रमले गर्दा पालिकाले आफ्नो स्रोतबाट क्षमता विकासमा लगानी गर्न त्यति उत्साह नदेखाउँने अवस्था रहेको छ । त्यसै गरी ज्यालादारी तथा करारका कर्मचारी नितान्त अस्थायी प्रकृतिका भएका हुँदा त्यमा लगानी गर्न पनि पालिका लाई उत्साह नहुँने अवस्था छ । त्यसै गरी नीतिगत तहमा बस्नेलाई मानव संसाधन विकासमा खर्च गर्दा स्रोत खेर गएको जस्तो महशुस हुँने गरेको पनि पाईन्छ र यस कार्यलाई अतिरिक्त आर्थिक बोझका रुपमा हेर्न खोजिए जस्तो पनि देखिन्छ ।

## ४.५ सोच:

**<u>“कम झन्झटिलो, द्रुत र पारदर्शि सेवा सहित प्रवाहको क्षमता सहितको खजुरा गाउँपालिकाको पहिचान”</u>**

## ४.६ क्षमता विकासको लक्ष्य

संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम गाउँपालिकाको रुपमा खजुरा गाउँपालिकाको विकास गर्ने ।

## ४.७ क्षमता विकासको उद्देश्य

- खजुरा गाउँपालिकाको संस्थागत प्रणालीमा भौतिक स्रोत साधन तथा प्रविधिको उचित व्यवस्थापन गर्ने ।
- कार्य जिम्मेवारीका आधारमा मानव संसाधनको व्यवस्थापन गर्ने ।
- कार्य जिम्मेवारी राम्रो सँग निर्वाह गर्न सक्ने गरी उपलब्ध मानव संसाधनको क्षमता विकास गर्ने ।
- निर्वाचित प्रतिनिधीहरु लाई पदीय जिम्मेवारी अनुरुपको कार्य गर्न सक्ने गरी जिम्मेवारी र काम तथा कर्तव्यबारे क्षमता विकास गर्ने ।
- सेवा बजार जस्तै टोल विकास समितिको क्षमता विकास गर्ने तथा कृषि, पशु तथा खानेपानी मर्मत कार्यकर्ताको व्यवथापन, क्षमता विकास र परिचालन गर्ने ।

## ४.८ संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीति

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि तथा वडा सचिवहरु लगायत र सरोकारवालाहरुलाई एक दिने अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूचि २ देखी ५ सम्मका फारमहरु प्रयोग गरी लेखाजोखा गरी अनुसूची ७ अनुसारको योजना तयार गरिएको छ  भने सोहि दिग्दर्शन अनुसार गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि तथा वडा सचिवहरु लगायत र सरोकारवालाहरु लाई एक दिने अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूचि ८ र ९ का फारमहरु प्रयोग गरी लेखाजोखा तथा छलफलका आधारमा अनुसूची १० अनुसारको योजना तयार गरिएको छ । विस्तृत रणनीति, योजना कार्यान्वयनका सिद्धान्त र पहिलो वर्षको कार्ययोजना अनुसूची ५ मा दिईएको छ ।

## ४.९ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु

**तालिका २ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित)**

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | | | |
| राजश्व शाखाका लागि फर्निचर | सेट | १ | खरिद शाखा | १ | ० | ० | १ | ५०,००० | ० | ० | ५०,००० | ० |
| राजश्व शाखाका लागि कम्प्युटर | संख्या | १ | खरिद शाखा | २ | ० | ० | १ | ३५000 | ० | ० | ३५,००० | ० |
| कानुन शाखाका लागि फर्निचर | सेट | १ | खरिद शाखा | १ | ० | ० | १ | ५०,००० | ० | ० | ५०,००० | ० |
| कानुन शाखाका लागि कम्प्युटर | संख्या | १ | खरिद शाखा | २ | ० | ० | १ | ३५,००० | ० | ० | ३५,००० | ० |
| **भौतिक स्रोत साधन सँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | **१,७०,०००** | **०** | **०** | **१,७०,०००** | **०** |
| **२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | |
| गाउँपालिकाको आवधिक योजना तयारी गर्न | संख्या | १ | योजना शाखा/प्रशासन शाखा | १ | ० | ० | १ | १३,००,००० | ० | ० | ३,००,००० | १०,००,००० |
| राजस्व सुधार योजना तथा राजस्व प्रक्षेपण गर्न | संख्या | १ | राजश्व शाखा | १ | ० | ० | १ | ३,००,००० | ० | ० | ५०,००० | २,५०,००० |
| मध्यावधिक खर्च संरचना तयार गर्न | संख्या | १ | योजना लेखा शाखा | १ | ० | ० | १ | ३,००,००० | ० | ० | ५०,००० | २,५०,००० |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापनका लागि नीति तथा दिग्दर्शन तयारी | संख्या | १ | पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | १ | ० | ० | १ | २००००० | ० | ० | २००००० | ० |
| समावेशी विकास नीतिको तयारी | संख्या | १ | सामाजिक विकास शाखा/ महिला वालबालिका | ० | १ | ० | १ | ० | २००००० | ० | २००००० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथा जेष्ठ नागरिक इकाई | | | | | | | | | |
| कर्मचारीहरूको आचार संहिता तयारीका लागि स्थानीय सेवा ऐन निर्माण | संख्या | १ | प्रशासन शाखा | ० | १ | ० | १ | ० | २००००० | ० | २००००० | ० |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू, संघ संस्था र नीजि क्षेत्रसँग समन्वय र सहकार्यका लागि छुट्टै नीति तयार गर्नु पर्ने । | संख्या | १ | प्रशासन शाखा | ० | ० | १ | १ | ० | ० | २००००० | २००००० | ० |
| घरवहाल कर व्यवस्थापन कार्यविधि तयार गर्ने | संख्या | १ | गाउँ पालिका र कार्यपालिका | ० | ० | १ | १ | ० | ० | २००००० | २,००,००० | ० |
| **नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | **२१,००,०००** | **४००,०००** | **४००,०००** | **१४०००००** | **१५,००,०००** |
| **३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित** | | | | | | | | | | | | |
| विषय क्षेत्रगत नीति नियमहरू तयारीका लागि कानुन विज्ञको व्यवस्था | संख्या | १ | कानुन शाखा | १ | ० | ० | १ | चालु खर्चबाट खर्च हुँने हुँदा बजेट हिसाब गर्नु नपर्ने | | | | ० |
| ग्रामिण कृषि प्रविधिलाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | १६ | ८ वटा वडा | ८ | ८ | ० | १६ | ४,००,००० | ४५०,००० | ० | २,५०,००० | ६,००,००० |
| ग्रामिण पशु प्रविधिलाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | १६ | ८ वटा वडा | ० | ८ | ८ | १६ | | ४५०,००० | ४,५०,००० | २,००,००० | ७,००,००० |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ताका लाई एक पटकका लागि औजार सहयोग | संख्या | १६ | ८ वटा वडा | ० | ० | १६ | १६ | ० | ० | ९,००,००० | २,००,००० | ७,००,००० |
| **मानव संसाधन प्राप्तिसँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | **४००,०००** | **९,००,०००** | **१३,५०,०००** | **६,५०,०००** | **२०,००,०००** |
| **४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित** | | | | | | | | | | | | |
| जलवायु परिवर्तन बारे कार्यपालिका, वडा समिति र गाउँपालिका कर्मचारी र | संख्या | ५० | गाउँपालिका र कार्यपालिका | ० | २५ | २५ | ५० | ० | १०००००० | १०५०००० | २,००,००० | १८,५०,००० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा सचिव लाई प्रशिक्षण | | | | | | | | | | | | |
| गुनासो व्यवस्थापनबारे वडा समिति, वडा सचिब र न्यायिक समितिलाई प्रशिक्षण | संख्या | १२ | गाउँपालिका र कार्यपालिका | १२ | ० | ० | १२ | ४५०००० | ० | ० | ५०,००० | ४००००० |
| संघ, प्रदेश र स्थानीय निकाय बिच व्यापक अन्तरकृया | कार्यक्रम संख्या | ९ | गाउँपालिका र कार्यपालिका | ३ | ३ | ३ | ९ | ६००००० | ७००००० | ८००००० | ६,००,००० | १५,००,००० |
| गाउँपालिका र विकास साझेदरहरु बिच अन्तरकृया | कार्यक्रम संख्या | ९ | गाउँपालिका र कार्यपालिका | २ | २ | २ | ६ | २००००० | २००००० | २२५००० | १,२५,००० | ५,००,००० |
| **तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित जम्मा बजेट रु.** | | | | | | | | **१२,५०,०००** | **१९,००,०००** | **२०७५०००** | **९,७५,०००** | **४२,५०,०००** |

## ४.१० मानव संसाधन विकासका प्रमुख योजनाहरु

**तालिका ३ स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)**

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | इकाई | परिमाण | समयावधि | | | | बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा | २०७९/८० | २०८०/।८१ | २०८१/८२ | जम्मा |
| **१. निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | | | |
| १.१.स्थानीय शासन सम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन र सुशासन बारे सबै निर्वाचित प्रतिनिधिहरुलाई प्रशिक्षण । | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी संख्या | ८४ | ४२ | ४२ | ० | ८४ | ५००००० | ५२५००० | ० | १०२५००० |
| १.२ न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारी लाई प्रशिक्षण | न्याय सम्पादनमा सहजता र मेलमिलापमा वृद्धि | स्थानीय झै झगडा मिलाउन सक्षम हुँने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी संख्या | ७ | ७ | ० | ० | ७ | १५०००० | १६०००० | ० | ३१०००० |
| १.३ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीबारे कार्यपालिका सदस्यहरु, वडाका सबै प्रतिनिधीहरु लाई तालिम | ग्रामिण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन बारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मुल्याङन प्रणालीमा सहजता आउँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स. को सहयोगमा | सहभागी संख्या | ४५ | १५ | १५ | १५ | ४५ | ३००००० | ३२०००० | ३५०००० | ९७०००० |
| १.४ शहरी भू–उपयोग नीति तर्जुमा तथा कार्यान्वयन नीति बारे कार्यपालिकाका तथा वडाका पदाधिकरीलाई अभिमुखिकरण | नीति निर्माण तथा व्यवस्थित हुँने | नीति कार्यान्वयनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी संख्या | १५ | ० | ७ | ८ | १५ | ० | १४०००० | १८०००० | ३२०००० |
| १.५ शहरी भवन संहिता बारे कार्यपालिकाका तथा वडाका पदाधिकरी लाई अभिमुखिकरण | भवन आचार संहिता निर्माण तथा व्यवस्थित हुँन | भवन आचार संहिता व्यवस्थित ढंगबाट | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को | सहभागी संख्या | १५ | ७ | ८ | ० | १५ | १३०००० | १६०००० | ० | २९०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यान्वयन हुँने । | सहयोगमा | | | | | | | | | | |
| १.६ लैंगिक समानता र सामाजिक समावेशीकरण बारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | GESI बारे संवेदनशिलता आउँने | समावेसी विकास हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ४२ | १४ | १४ | १४ | ४२ | ५६०००० | ५७०००० | ५८०००० | १७१०००० |
| १.७ पूर्ण खोप, सरसफाइ, साक्षर, बालविवाह, घटना दर्ता तथा छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी, जस्ता विकृति बारे टोल विकास समिति, कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | स्थानीय परिवेसमा सुधारको ज्ञान प्राप्त हुँने | स्थानीय परिवेसमा सुधार हुँने र विकृति नियन्त्रण हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ४२ | २१ | ० | २१ | ४२ | ८४०००० | ० | ८८२००० | १७२२००० |
| १.८ सार्वजनिक समारोह व्यवस्थापनः अतिथी व्यवस्थापन, उद्घोषण बारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | | स्थानीय परिवेसमा सुधार हुँने र विकृति नियन्त्रण हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १० | ० | ० | १० | १० | ० | ० | ३००००० | ३००००० |
| १.९ अनुगमन, मूल्यांकन, प्रतिवेदन कार्यपालिका र वडा समितिका पदाधिकारीलाई प्रशिक्षण | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १० | ० | १० | ० | १० | ० | ३००००० | ० | ३००००० |
| **निर्वाचित पदाधिकारीहरूका लागि रु** | | | | | | | | | | **२४३००००** | **२१७५०००** | **२२९२०००** | **६८९७०००** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | | |
| २.१ विकासमा सहभागिता र सूचनाको हक बारे टोल सुधार समितिहरुलाई बस्तिरस्तरको तालिम | जनसहभागिताको ज्ञान | जनसहभागिता जुट्ने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | कार्यक्रम संख्या | ६० | २० | २० | २० | ६० | २००००० | २२५००० | २३०००० | ६५५००० |
| २.२ पूर्णखोप, सरसफाई, | स्थानीय परिवेसमा | स्थानयि | प्र.प्र.अ., | संख्या | ६० | २० | २० | २० | ६० | ३००००० | ३२५००० | ३३०००० | ९५५००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साक्षर, बालविवाह, घटना दर्ता तथा छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी, जस्ता विकृति बारे टोल सुधार समितिहरुलाई बस्तिरस्तरको तालिम | सुधारको ज्ञान प्रप्त हुँने | परिवेसमा सुधार हुँने र विकृति नियन्त्रण हुँने । | प्रशासन प्रमुख र स.स.को सहयोगमा | | | | | | | | | | |
| २.३ गाउँपालिका भित्रका विभिन्न विषयगत समितिहरुको औचित्य र जिम्मेवारी बारे प्रशिक्षण | जिममेवारी प्रष्ट हुँने | जिम्मेवारी निर्वाह हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागि संख्या | ५० | १० | १५ | १५ | ५० | २००००० | ३२०००० | ३५०००० | ८७०००० |
| **जम्मा समिति, उपसमितिहरूका लागि रु** | | | | | | | | | | **७०००००** | **८७००००** | **९,५०,०००** | **२५,२०,०००** |
| **३. कर्मचारीहरूका लागि** | | | | | | | | | | | | | |
| १.१. स्थानीय शासनसम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन बारे गाउँपालिकाका अधिकृत र वडा सचिवहरु लाई प्रशिक्षण | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | १५ | ० | १५ | ० | ६००००० | ० | ६००००० |
| १.२ न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समिति हेर्ने र्काचारी लाई ४८ घण्टे प्रशिक्षण | न्याय सम्पादन मा सहजता र मेलमिलापमा वृद्धि | स्थानीय झै झगडा मिलाउन सक्षम हुँने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ७ | ७ | ० | ० | ७ | १५०००० | ० | ० | १,५०,००० |
| १.३ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे गाउँपालिकाको योजना शाखा र प्राविधिक शाखाका कर्मचारी तथा वडा सचिवहरुलाई तालिम | ग्रामिण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकन बारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मुल्याङन प्रणालीमा सहजता आउँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | १५ | ० | ० | १५ | ० | ३००००० | ० | ३००००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.४ कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणाली बारे वडा सचिवहरु र गाउँपालिकाको प्रशासन र सूचना प्रविधि शाखाका कर्मचारीलाई प्रशिक्षण | सेवा प्रवाह सहज | जनता सेवामा चुस्तता महशुस गर्ने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | १५ | ० | १५ | ० | ३००००० | ० | ३००००० |
| १.५ लैंगिक समानता र सामाजिक समावेशीकरण बारे गाउँपालिकाका सा.बि.अ. तथा म.बा.अ.र अन्य कर्मचारी र वडा सचिवहरु लाई प्रशिक्षण | GESI बारे संवेदनशिलता आउँने | समाबेसी विकास हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | १५ | ० | ० | १५ | ३००००० | ० | ० | ३००००० |
| १.६ सूचना प्रविधि, अधिलेख व्यवस्थापन र तथा ज्ञान व्यवस्थापन बारे गाउँपालिकाका कर्मचारी र वडा सचिवहरु लाई प्रशिक्षण | प्राविधिक ज्ञान हासिल गर्न | कार्यहरु प्रविधि मैत्री हुँने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | १५ | ० | १५ | ० | ३००००० | ० | ३००००० |
| १.७ लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फछ्र्यौट बारे लेखा शाखाका कर्मचारी र प्र.प्र.अ. लाई प्रशिक्षण | लेखा सम्वन्धी दैनिक कार्यसञ्चालन तथा लेखापरीक्षण ज्ञान | लेखा व्यवस्थापनमा कुसलता र बेरुजु रकम घटाउने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ५ | ० | ५ | ० | ५ | ० | २००००० | ० | २००००० |
| १.८ सार्वजनिक खरीद व्यवस्थापन बारे जिन्सी हेर्ने, लेखा हेर्ने कर्मचारी र प्र.प्र.अ.लाई अभिमुखिकरण | खरिदलाई व्यवस्थीत गन | सरकारी सम्पत्तीको व्यवस्थापन र आर्थिक पारदर्शिता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ७ | ० | ० | ७ | ७ | ० | ० | २८०००० | २८०००० |
| १.९ सार्वजनिक समारोह व्यवस्थापनः अतिथी व्यवस्थापन, उद्घोषण बारे सा.बि.अ. तथा अन्य कर्मचारी र वडा सचिब लाई प्रशिक्षण | सार्वजनिक कार्यक्रम सञ्चालनका लागि | अतिथी सत्कार तथा उद्घोषण गर्न सक्षम | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १२ | ० | १२ | ० | १२ | ० | २५०००० | ० | २५०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१० अनुगमन, मूल्यांकन, प्रतिवेदन बारे गाउँपालिकाको अनुगमन हेर्ने कर्मचारी र वडा सचिब लाई प्रशिक्षण | योजना लगायत विभिन्न क्षेत्र जस्तै वजार, खानी अनुगमन मुल्याङकन बारे जान्न | अनुगमनका चरणहरु, मुल्याङकनका विधिहरु र प्रतिवेदनका बुदाहरुका बारेमा जानकार हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १२ | १२ | ० | ० | १२ | २५०००० | ० | ० | २५०००० |
| १.११ जनसम्पर्क तथा संवाद शैली र सूचना प्रविधि बारे गाउँपालिकाका प्रशासन र सा.बि.शा.का कर्मचारी र वडा सचिब लाई प्रशिक्षण | समन्वय तथा सहकार्यका लागि, सुचना प्रविधि तथा इमेल,इन्टरनेट बारे जान्ने | आपसी समझदारी तथा समन्वय र पारस्पारिक सहअस्तीत्व, सुचना प्रविधिबारे ज्ञान हासिल | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १२ | ० | ० | १२ | १२ | ० | ० | २५०००० | २५०००० |
| १.१२ सबै तहका नयाँ कर्मचरीलाई सेवा प्रवेश तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | | नियमित | नियमित | नियमित | नियमित | नियमित | ५०००० | ५०००० | ५०००० | १५०००० |
| **जम्मा कर्मचारीहरूका लागि रु** | | | | | | | | | | **७,५०,०००** | **२०,००,०००** | **५८००००** | **३३,३०,०००** |
| **४.सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | | |
| ४.१ मेलमिलाप अभियन्ता तयारीका लागि तालिम | स्थानीयको क्षमता विकास | स्थानीय विवाद स्थानीय स्तरमै न्युनिकरण्ण हुँने | ८ वटा वडा र गाा.पा. | संख्या | ८ | ० | ८ | ० | ८ | ० | १००००० | ० | १००००० |
| ४.२ महिला स्वयंसेविकाहरु लाई पोषण सुधार बारे थप प्रशिक्षण | पोषण सुधारका विविध उपायहरुको जानकारी हुँने | पोषण सुधारका उपायहरु अवलम्बन हुँने | ८ वटा वडा कार्यालय | संख्या | २७ | १२ | १५ | ० | २७ | १२०००० | १७०००० | ० | २९०००० |
| ४.३ कृषि, पशु सेवा र खानेपानी मर्मत कार्यकर्ता तयारीका लागि | सेवा बजारको विकास | ग्रामिण जनताले कृषि, पशु सेवा र | ८ वटा वडा कार्यालय | संख्या | ४८ | ८ | १६ | २४ | ४८ | ८,००,००० | १६,००,००० | २४,००,००० | ४८,००,००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तालिम | | खानेपानी मर्मत सेवा नियमित रुपमा पाउँने | | | | | | | | | | | |
| **जम्मा सेवाग्राही लक्षित क्षमता विकास रु** | | | | | | | | | | **९,२०,०००** | **१८७००००** | **२४,००,०००** | **५१,९०,०००** |
| **५.साझेदारहरुको क्षमता विकास** | | | | | | | | | | | | | |
| ५.१ विद्यालयका शिक्षकहरुलाई वाल उद्यान स्थापना र वालमैत्री पूर्वाधारको आवश्यकता र उपयोगिता बारे अनुशिक्षण | वाल उदान र वालमेत्रि पूर्वाधारको ज्ञान | उद्यान स्थापना र वालमैत्रि पूर्वाधार निर्माण हुँने | ७ वटा वडा कार्यालय | संख्या | २० | १० | १० | ० | २० | १५०००० | १६०००० | ० | ३१०००० |
| ५.२ स्थानीय स्वास्थ चौकिका कर्मचारीलाई स्वास्थ्य सेवाको डिजिटल विधिबाट एकिकृत अभिलेख सम्बन्धि तालिम | डिजिटल प्रविधि को ज्ञान | सेवाहरुको अभिलेखहरु डिजिटल विधि बाट अध्याबदिक हुँने | ७ वटा वडा कार्यालय | संख्या | १० | ० | ५ | ५ | १० | ० | १००००० | १००००० | २००००० |
| ५.३ स्थानीय सहकारीहरु लाई कृषि उद्यमबारे प्रशिक्षण | कृषि लाई उद्यमको रुपमा बुझाई हुँने | कृषिमा व्यवसायिकरण हुँने । | ७ वटा वडा कार्यालय | संख्या | २५ | ५ | १० | १० | २५ | ९०००० | १८०००० | १९०००० | ४६०००० |
| **जम्मा साझेदारहरुको क्षमता विकास रु** | | | | | | | | | | **२४००००** | **४४००००** | **२९००००** | **९६००००** |

## ४.११ प्रमुख उपलब्धिहरु

यो क्षमता विकास योजना कार्यान्वयन भए पछि गाउँपालिका र यसको सेवा प्रवाह क्षमतामा निम्न अनुसारको परिवर्तन भएको हुँने छ,

१. गाउँपालिकाका सबै शाखाहरु भौतिक स्रोत साधन र उपकरण बाट सुसज्जित भएका हुँने छन् ।
२. सबै शाखाहरुमा रिक्त दरबन्दि परिपूर्ति भएको हुँने छ र आवश्यक ऐन, नियम, कार्यविधि र आवश्यक योजना तथा गुरु योजनाहरु तयार भएका हुँनेछन् ।
३. ४७ जना जन प्रतिनिधि, कम्तिमा २० कर्मचारी र साझेदारहरुको क्षमता विकास भएको हुँने छ ।
४. सबै ८ वटा वडामा गरी १६ जना कृषि सेवा कार्यकर्ता, १६ जना पशु सेवा कार्यकर्ता र १६ जना खानेपानी मर्मत संभार कार्यकर्ता छनौट भै तालिम पाएर वडाहरुको समन्वयमा समुदायमा सेवा प्रवाह गरी स्वरोजगार समेत भएका हुँने छन् ।
५. गाउँपाालिकाका सेवाहरु पहिले भन्दा छिटो, पारदर्शि र कम झन्झटिलो भएका हुँने छन् ।

## ४.१२ बजेट बाँडफाँट

**तालिका ४ स्थानीय तहको क्षमता विकासको खर्च सारांस**

| सि.नं | क्षमता विकास क्षेत्र | जम्मा रकम रु. | आन्तरिक योगदान | बाह्य सहयोग |
|---|---|---|---|---|
| **१** | **संस्थागत क्षमता विकास तर्फ** | | | |
| १.१ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | १,७०,००० | १,७०,००० | ० |
| १.२ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | २९,००,००० | १४,००,००० | १५,००,००० |
| १.३ | मानव संसाधन प्राप्तिसँग सम्बन्धित | २६,५०,००० | ६,५०,००० | २०,००,००० |
| १.४ | तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | ५२,२५,००० | ९,७५,००० | ४२,५०,००० |
| | **जम्मा** | **१,०९,४५,०००** | **३१,९५,०००** | **७७,५०,०००** |
| **२** | **मानव संसाधन विकास तर्फ** | | | |
| २.१ | निर्वाचित पदाधिकारीहरूका लागि | ६८९७००० | १७,२४,२५० | ५१,७२,७५० |
| २.२ | समिति, उपसमितिहरूका लागि | २५,२०,००० | ६,३०,००० | १८,९०,००० |
| २.३ | कर्मचारीहरूका लागि | ३३,३०,००० | ८,३२,५००० | २४,९७,५०० |
| २.४ | सेवाग्राही लक्षित क्षमता विकास | ५१,९०,००० | १२,९७,५०० | ३८,९२,५०० |
| २.५ | साझेदारहरुको क्षमता विकास | ९६०००० | २,४०,००० | ७,२०,००० |
| | **जम्मा** | **१,८८,९७,०००** | **४७,२४,२५०** | **१,४१,७२,७५०** |
| | **कूल जम्मा रु** | **२,९८,४२,०००** | **७९,१९,२५०** | **२,१९,२२,७५०** |
| | **प्रतिशत** | **१००** | **२७** | **७३** |

## ४.१३ स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू

**तालिका ५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू (अनुसूचि ६ सँग सम्बन्धित)**

| स्रोत व्यक्ति वा सरोकारवाला पक्षको नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्र | सम्भावित भूमिका |
|---|---|---|
| संघीय सरकार | आीर्थक स्रोत | योजनामा आधारित विशेष अनुदान |
| प्रदेश सरकार | आर्थिक स्रोत र दातृनिकाय सँग समन्वय | योजनामा आधारित अतिरिक्त स्रोत, दातृ संस्थासँग सम्पर्क र समन्वय, |
| पि.एल. जि. एस पि. | अर्थिक र प्राविधक सहयोग | आर्थिक स्रोत, प्रविधिक सहयोग र विशेषज्ञ सेवाको व्यवस्था |
| प्रदेश योजना आयोग, लुम्बिनी | नीतिगत व्यवस्था विभिन्न पक्षसँग समन्वय | प्रदेशमा बजेट व्यवस्था पन, दातृ निकायसँग समन्वय र सहयोगको वातावरण तयारी |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी | विविध विषयमा तालिम र प्रविधिक सहयोग | विशेषज्ञ सेवा उपलब्ध, सेवाग्राही लीक्षत तथा सेवा बजारमा आधारित तालिम संचालन ।<br>निर्वाचित पदाधिकारीहरु, समिति तथा उपसमितिहरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठि तथा अनुशिक्षणहरु सहजिकरण |
| EGRP | | मिल्दो विषयमा तालिम तथा सामग्री प्रदान |
| Planitintration | | |
| DEC Nepal | | |
| SEC Nepal | | |
| B. Group | | |
| विश्व शिक्षा | | |
| काठमाडौं, नेपालगंज, बुटवल, पोखरा र अन्य स्थानमा रहेका कन्सल्टेन्सीहरु | | सेवा सम्झौता भएमा निर्वाचित पदाधिकारीहरु, समिति तथा उपसमितिहरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठि तथा अनुशिक्षणहरु सहजिकरण तथा कार्यविधिहरु तयारी |

***नोटः योजना कार्यान्वयन गर्ने बेलामा स्रोत व्यक्ति वा संस्थाहरु पहिचान गर्न थप प्रयास गर्नु पर्ने हुन्छ ।***

# परिच्छेद ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना

## ५.१ पृष्ठभूमि

नेपालका सबै स्थानीय तहहरु नागरिकका घरदैलोका सरकार हुन र यिनलाई नेपालको संविधान २०७२ ले प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । तर नागरिकको जीवनस्तर सुधारका लागि यी अधिकारहरु उपयोग गर्न सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, संरचनागत रुपमा व्यापक र मानव संसाधनका रुपमा पर्याप्त र ज्ञान, सीप र क्षमता युक्त हुनु जरुरी छ ।

अर्को अर्थमा भन्ने हो भने स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा स्थानीय सरकारको भौतिक सुसम्पन्नता, विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र मानव संसाधनको ज्ञान, सीप र क्षमतामा भर पर्दछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयत गर्न केहि निश्चित रणनीति कार्यविधि अवलम्बन गरिनेछ जो, तल दिईएको छ ।

## ५.२ उद्देश्य

खजुरा गाउँपालिकाको २०७८ मा तयार भएको क्षमता विकास योजना पछिका वर्षहरुमा तयार हुने तथा भएका क्षमता विकास योजनाहरुको सफल र नतिजामूलक कार्यानयन भई योजनाले लिएको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न मद्दत पुऱ्याउने हो ।

## ५.३ कार्य क्षेत्र

पालिकाको क्षमता विकासको कार्यक्षेत्र व्यापक छ । खास गरी योजनामा निर्दिष्ट भएका क्षमता विकासका कार्यहरु सम्पादन गर्न दुई भागमा प्रस्तुत गरिएका योजनाहरुलाई कार्यान्वयन गर्ने हो ।

**क. संस्थागत क्षमता विकास**

१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित
२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित
३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित
४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित

**ख. मानव संसाधन विकास मा तालिम, गोष्ठि, सेमिनार, अवलोकन भ्रमण, अन्तरकृया आदि**

१. निर्वाचित पदाधिकारीहरूका लागि
२. विभिन्न समिति, उपसमिति टोल सुधार समितीहरूका लागि
३. वडाहरु सरोकारवालाहरु समेत पालिकाका कर्मचारीहरूका लागि
४. सेवाग्राही लक्षित क्षमता विकास
५. साझेदारहरुको क्षमता विकास

यी माथिका दुबै क्षेत्रका कार्यहरु सम्पादन गर्न तल उल्लेखित चार चरणका कार्यहरु गरिने छः

**चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँ सभाबाट पारित गराउने
ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने
ग. बाहिरी सहयोगको खोजि र स्रोत पहिचान सुनिश्चित गर्ने

**चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य सम्झौता**

क. क्षमता विकास सम्बन्धमा विभिन्ना सहयोगी निकायहरूबीच समन्वय गर्ने
ख. मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान
ग. संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी
घ. संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य सम्झौता

**चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण**

क. थप मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने
ख. संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा अवश्यक स्थान तथा सामाग्री व्यवस्थापन
ग. तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण
घ. संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने

**चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने
ख. क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने
ग. क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधारबारे अध्ययन गराउँने ।

## ५.४ योजना कार्यान्वयनको रणनीतिः

**रणनीति १:** **पालिकाबाट योजनाको स्वामित्व ग्रहण:** यो योजना पालिकासँगको सहभागितामा तयार भएको हुँदा यसको स्वामित्व यस पालिकाले ग्रहण गर्दछ ।

**रणनीति २:** **क्षमता विकास योजना कार्यान्वयनका लागि कार्यविधि तयारी:** यो योजना कार्यान्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाईने छ ।

**रणनीति ३:** **बजेट सुनिश्चित गर्ने:** यो योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्न पालिकाको वार्षिक चालु खर्चको कम्तिमा पनि १.५ प्रतिशत बजेट पालिकाले विनियोजन गर्ने छ ।

**रणनीति ४** **नयाँ निर्वाचत पदाधिकारी लाई अनिवार्य अनुशिक्षण:** आगामी वर्ष चुनावको वर्ष भएको हुँदा नयाँ निर्वाचन पछि आएको सबै निर्वाचित प्रतिनिधिहरुलाई पालिकाका एकल तथा साझा अधिकारहरु, तिनिहरुको प्रयोग, संघीय कानुनले प्रदान गरेका कार्यहरु र ऐन नियम र प्रतिनिधहरुका कार्य जिम्मेवारी बारे निर्वाचन लगतै सेवा प्रवेश अनुशिक्षण प्रदान गरिने छ ।

**रणनीति ५:** **सम्पर्क व्यक्तिको व्यवस्था:** क्षमता विकास योजना समन्वय समितिको व्यवस्था गरिएको छ र योजनामा अतिरिक्त व्यक्तिहरुलाई पनि जिम्मेवारी दिईएको छ । तथापी योजनाको संवेदनशिलतालाई ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरुको व्यवस्थापन, कार्य योजना अनुसारका कार्यहरु चलायमान बनाउन र भएका कार्यहरुको दस्ताबेज सहितको व्यवस्था तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याँकन तथा प्रतिवेदनको व्यवस्थापनका लागि सिनियर कर्मचारी मध्ये कसै एकलाई सम्पर्क व्यक्तिका रुपमा कार्य तोकिने छ ।

**रणनीति ६:** **पहिलो सुरुवात संस्थागत संरचनामा सुधार:** संस्थागत क्षमता भनेका संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संसाधन व्यवस्था र मानव संसाधनको क्षमता विकास पर्न जाने हुँदा यो क्षमता विकास योजना तयार गर्दा माथि भनिएझैं सर्वप्रथम संस्थागत संरचनाको सुधार गर्न प्राथमिकता दिईने छ ।

**रणनीति ७:** **दोस्रो आयाम मानव संससाधनको विकास:** संस्थागत संचरना जतिसुकै चुस्त भए पनि यदि त्यसको उपयोग गर्ने क्षमता संस्थागत संरचना भित्र भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ । तसर्थ क्षमता विकासको दोस्रो प्राथमिकता स्वरुप मानव संसाधनको विकासलाई अगाडी बढाईने छ । अर्थात संस्थागत स्रोत विकास र मानव संसाधन विकास सँग सँगै लगिने छ ।

**रणनीति ८** **तेस्रो आयाम सेवा बजारहरुको व्यापकिकरण अथवा क्षमता उपयोको दायरा विस्तार:** संस्थागत क्षमता विकास लाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपाय भनिन्छ । तसर्थ गाउँ तथा नगरपालिकाले आफ्ना सेवाहरु पालिका भित्रका मानव स्रोत सँग मात्र भर पर्दा सेवा प्रवाहको दायरा सीमित भै जनताका आवश्यक न्युनतम सेवाहरुमा शंकुचन आउँछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा गाउँपालिका भित्रका नेतृत्व तह तथा

कर्मचारी मात्र नभै जनता लाई आवश्यक परेका हरेक सेवाहरुका लागि स्थानीय सरोकारवालाहरु वा निजि क्षेत्र तथा समुदायलाई समेत समेटिने छ। त्यसैले **समुदाय स्तरका सेवा समुदाय स्तर बाटै भन्ने मूल्य र मान्यता लाई अगालिने छ।** कतिपय समुदाय स्तरमा घर दैलोमा नै सेवा प्रवाह जरुरी पर्दछ जस्तो खानेपानीको मर्मत संभार कार्यकर्ता, पशु सेवा कार्यकर्ता, कृषि सेवा कार्यकर्ता, कृषि तथा पशु बिमा सहजकर्ता आदि। यस्ता सेवाहरु केवल गाउँपालिकामा रहेका सीमित जनशक्ति माथि भर पर्नु पर्दा सेवामा चुस्तता आउँदैन। तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा समुदायस्तरका सेवा समुदायबाटै भन्ने मान्यता लाइ कार्यान्वयनमा ल्याईने छ।

## ५.५ कार्यान्वयनका सिद्धान्तहरु

**सिद्धान्त १** **विभेद शुन्यः** संस्था भित्र वा संसथा बाहिरका सरोकारवालाहरु र समुदायस्तरका सेवा समुदायस्तरबाटै भन्ने मान्यता अनुसार मानव संसाधनको क्षमता विकास गर्दा नेतृत्व, सानो वा ठूलो कर्मचारी वा समुदाय सदस्यमा कुनै भेदभाव गरिने छैन।

**सिद्धान्त २** **पारदर्शिताः** यो योजना कार्यान्वयन पूर्ण पारदर्शि ढंगबाट संचालन हुँने छ र हाम्रा गराई, प्रकृया र खर्चहरु गाउँपालिकाको सार्वजनिक सुनुवाई तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शि बनाईने छ।

**सिद्धान्त ३** **समन्वय र सहकार्यः** यो योजना कार्यान्वयन गर्दा गाउँपालिका एक्लै अगाडी नबढि विभिन्न रोकारवालाहरु, सेवा प्रदायक तथा स्रोत दाताहरुसँगको सहकार्यमा कार्यान्वयन गरिने छ।

**सिद्धान्त ४** **योगदानमा आधारित कार्यक्रमः** यो क्षमता विकास योजनालाई केवल डोनर निर्भर नबनाई गाउँ तथा नगरपालिकाको योगदानलाई पनि सँगसँगै लगिने छ।

## ५.६ कार्यान्वयन तालिका प्रथम वर्ष

यो क्षमता विकास योजनाको कार्यान्वयन एकल प्रयासबाट संभव हुँदैन। यसमा सबै सरोकारवाला, विषयगत कार्यालयहरु, गाउँपालिका भित्रका विषयगत शाखाहरु समेत सबै निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरुको जिम्मेवारी हुन्छ। यो क्षमता विकास योजनाका मूल कार्यहरुका लागि निम्न अनुसार जिम्मेवारी बहनको अपेक्षा गरिएको छ।

## आगामी आ.व. २०७९/२०८० को कार्ययोजना

**तालिका ६ पहिलो वर्षको कार्य योजना**

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिविधि | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मूल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँ सभाबाट पारित गराउने | यसै आ.व.मा पारित गराउँनु पर्ने | | | | क्षमता विकास समन्वय समिती र प्र.प्र अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने । | गाउँ परिषद् २०७९ असारबाट पारित भएको हुँनु पर्ने | | | | क्षमता विकास समन्वय समिती र प्र.प्र अधिकृत |
| १.३ | बाहिरी सहयोगको खोजि र स्रोत पहिचान र सुनिश्चित गर्ने | | | | | क्षमता विकास समन्वय समिती र पमुख प्रशासकिय अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य सम्झौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने । | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.२ | मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान । | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.३ | संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधि हरुका लागि आवश्यक पर्ने लागत तयारी | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य सम्झौता | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१ | थप मानव संसाधन व्यवस्था पनको लागि नीति, नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरागर्ने । | | | | | प्रमुख प्रशासकिय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामाग्री व्यवस्थापन । | | | | | प्रमुख प्रशासकिय अधिकृत र प्रशासन प्रमुख |
| ३.३ | तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण । | | | | | प्रशासन प्रमुख |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | | | | | प्रशासन प्रमुख |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने । | | | | | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने | | | | | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुशासनमा आएको सुधार बारे अध्ययन गराउने । | | | | | क्षमता विकास समन्वय समिति |

# परिच्छेद ६: कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

## ६.१ कार्यक्रम व्यवस्थापन

यस गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनका मूल जिम्मेवारी निम्न थप जिम्मेवारीका साथ क्षमता विकास समन्वय समिति, गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकिय वा अधिकृत सँगको समन्वयमा समितिमा रहने छ ।

**क्षमता विकास समन्वय समितिको जिम्मेवारी:**

- क्षमता विकाससम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने,
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन

गाउँपालिका स्थानीय सरकार संचालन ऐन, २०७४ को परिधी भित्र रही कार्य गर्ने संस्था भएको हुँदा सोहि ऐनको परिधिमा रहि गाउँपालिकाबाट आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य तथा आयोजनाबाट हुनु पर्न विकास प्रयास र सेवा प्रवाहमा भएको परिवर्तन कुन हद सम्म भयो वा भएन तथा अपेक्षित नतिजा प्राप्त भए नभएको बारे निम्न अनुसार अनुगमन तथा मूल्याँकन गरिनेछ ।

**६.२.१ नियमित अनुगमन:** क्षमता विकास योजनाको कार्यान्वयन चरणमा नियमित अनुगमन गरिनेछ । कार्यान्वयन चरणमा योजनाका गतिविधिहरुको लागत, परिमाण, समय सीमा तथा गुणस्तर लगायत कार्यान्वयन चरणमा आई परेका समस्या तथा संभावित विकल्पहरु समेतको पहिचान गरी गाउँ कार्यपालिका लाई पृष्ठपोषण दिन यो अनुगमन गरिनेछ । यो अनुगमनको जिम्मेवारी गाउँपालिकाको मौजुदा अनुगमन तथा सुपरिवेक्षण समितिले क्षमता विकास योजना समन्वय समितिको सहकार्यमा पुरा गर्ने छ ।

योजना कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण निम्न अनुसार गरिनेछ,

- योजनाको प्रत्येक वर्षको कायक्रम स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्बन्धित शाखाहरु बाट कार्यपालिकामा पेश भएको एकिकृत कार्य योजनाका आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने छ ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमन प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिका बैठकमा पेश गरी छलफल गरिनेछ ।

- यसरी कार्यपालिकामा पेश भएर छलफल गर्दा योजना कार्यान्वयनमा त्रुटिहरु सच्याउँन तथा समय व्यवस्थापन र गुणस्तर कायम राख्न सम्बन्धित पक्षहरुलाई आवश्यक निर्देशन दिईनेछ र यो मान्नु सबैको कर्तव्य हुँनेछ ।

**६.२.२ मध्यावधिक समिक्षाः** यो क्षमता विकास योजनाले लिएको गति तथा समग्र कार्यान्वयनको अवस्थाको समिक्षा तेस्रो पक्षको तेतृत्वमा योजना सुरु भएको दोस्रो वर्षको अन्त्यमा क्षमता विकास योजना समन्वय समिति समेतको सहभागितामा संयुक्त कार्यदल बाट गराईने छ । यो समिक्षाबाट ३ वर्षमा सम्पन्न गर्नु पर्ने कार्यहरुको गति मापन गरी आवस्यक परे क्षमता विकास योजनाको लक्ष्यहरुको समिक्षा गरी थपघट गरी योजनाको नयाँ प्रारुप पनि तयार गर्न सकिनेछ ।

**६.२.३ आयोजना कार्यान्वयन समाप्ति पछिको मूल्याङ्कनः** यो ३ वर्षे क्षमता विकास योजनाले तया गरेका लक्ष्यहरु कुन तह सम्मा पुरा भयो र स्रोत साधनको उपयोग, त्यसको तात्पर्यता, प्रभावकारिता, पारदर्शिता, योजनको कार्यान्वयनबाट निक्लिएका नतिजाहरु तथा तिनिहरुको दिगोपनाको बारेमा यो योजनाको कार्य समाप्ती लगत्तै तेस्रो पक्षबाट मूल्याँकन गराईनेछ र यसका सिकाईहरुलाई आगामी योजनाहरुमा कार्यान्वयनमा ल्याईनेछ ।

**६.२.४ प्रभाव मूल्याँकनः** यो क्षमता विकास योजनाले समाज तथा समग्र गाउँपालिकामा पारेको प्रभाव बारेमा योजना कार्यान्वयन समाप्तिको १ वर्षमा तेस्रो पक्षबाट मूल्याँकन गराईनेछ ।

# सन्दर्भ सामाग्रीहरु

१. नेपालको संविधान, २०७२
२. सङ्घिय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट तयार पारिएको स्थानीय तहहरुको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६
३. स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय सरकार संचालन कार्यविधि, २०७६
४. गाउँपालिकाको पार्श्वचित्र
५. गाउँपालिका बाट उपलब्ध विभिन्न दस्तावेजहरु जस्तै गाउँपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट, आवधिक योजना, पार्श्वचित्र, गाउँपालिकाको कर्मचारी दरबन्दि तथा पदपूर्तिको अवस्था, गाउपालिकाको भवन, मेसिन, उपकरण तथा भौतिक स्रोत साधनहरू, गाउँपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू, गाउँपालिकाको प्रगति प्रतिवेदनहरू आदि ।

# अनुसूचिहरु

## अनुसुचि १ स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण (एकल तथा साझा आधिकार सँग सम्बन्धित)

**१. आर्थिक विकासः** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र ( संघीय ऐनको थप व्यवस्थाः घरेलु तथा साना उद्योग समेत)
**२. सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।
**३. भौतिक पूर्वाधारः** सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, सञ्चार
**४. वन, वातावरण तथा विपद् व्यवस्थापनः**वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाई र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरु (शाखा तथा वडागत रुपमा) |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरू योजना तथा नीति नियमहरू | योजना शाखा/प्रशासन शाखा | आवधिक योजना निर्माण नभएकाले योजना अनुरुप कार्य गर्न असहज भएको | समग्र गाउँपालिकाको आवधिक निर्माणका लागि सहयोग आवश्यक भएको |
